## मिति २०७९।१२।२६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को तेह्रौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** बाह्रौं नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाका विषयमा समिक्षा गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७९।१२।२० को सिफारिस बमोजिम गैंडाकोट नगरपालिकामा अवस्थित मौलाकालिका मन्दिरसम्म जानको लागि निर्माण भइ छिट्टै संचालनमा आउन लागेको मौलाकालिका केवलकारसँग नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ बमोजिम प्रति टिकट मूल्य (छुट पूर्वको अंकित मूल्य) मा २ प्रतिशतका दरले स्थानीय कर लिने निर्णय गरियो ।

**निर्णय नं.३** गैंडाकोट नगरपालिकाको नगर प्रज्ञा प्रतिष्ठान ऐन २०७९ को दफा १४ बमोजिमको सिफारिस समितिको मिति २०७९।१२।०९ गते बसेको बैठकबाट सिफारिस भइ आए बमोजिम गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठानमा देहाय बमोजिम प्राज्ञ सभा सदस्य तथा विभागीय प्रमुखहरु मनोनयन गर्ने निर्णय गरियो ।

क) प्राज्ञ सदस्यहरु

| क्र सं | नाम थर | विज्ञताको क्षेत्र | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | गोविन्दराज विनोदी | साहित्य, कला | गैडाकोट- ८ | |
| २ | भीमप्रसाद शर्मा | कला, निबन्ध | गैडाकोट- ५ | |
| ३ | राधा पाण्डे | साहित्य,कला-संस्कृति | गैडाकोट- १६ | |
| ४ | अमर विरही गुरुङ | सङ्गीत, कला | गैडाकोट- ६ | |
| ५ | रामहरि शर्मा | कविता, निबन्ध, बाल साहित्य | गैडाकोट- ११ | |
| ६ | नवीनभक्त अधिकारी | कला, आधुनिक समकालिन | गैडाकोट- ४ | |
| ७ | गोविन्दराज कोइराला | साहित्य, संस्कृति | गैडाकोट- १२ | |
| ८ | धर्मानन्द शर्मा | साहित्य | गैडाकोट- १ | |
| ९ | चन्द्रबहादुर आले | चित्रकला | गैडाकोट- १२ | |
| १० | सुवर्ण प्रधान | परम्परागत तथा आधुनिक कला | गैडाकोट- ४ | |
| ११ | मुना धनन्जय | साहित्यकार | गैडाकोट- १ | |
| १२ | दीपक खड्का | गायन | गैडाकोट- ९ | |
| १३ | दुर्गा सापकोटा | गायन | गैडाकोट- ८ | |
| १४ | नारायणदेव सापकोटा | चित्रकला | गैडाकोट- ५ | |
| १५ | डा. मतिप्रसाद ढकाल | भाषा व्याकरण | गैडाकोट- १ | |
| १६ | टंकराज ढकाल "तितेपाती" | कविता, लेखन | गैडाकोट- २ | |
| १७ | भूमिश्वर पौडल "भावुक" | | गैडाकोट- १ | |
| १८ | शोभा खनाल | | गैडाकोट- १४ | |

[illegible] रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

सज्जन भक्त अधिकारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १९ | दुर्गादत्त भुसाल | | गैडाकोट- १३ | |
| २० | उदयनाथ रेग्मी | | गैडाकोट- १ | |
| २१ | श्रीहरी चालिसे | | गैडाकोट- ८ | |

ख) उपकुलपति र विभागीय प्रमुखहरु

| क्र सं | नाम थर | मनोनित पद | कैफियत |
|---|---|---|---|
| १ | गोविन्दराज विनोदी | उपकुलपति | |
| २ | अमर विरही गुरुङ | प्रमुख, संगित विभाग | |
| ३ | राधा पाण्डे | प्रमुख संस्कृति विभाग | |
| ४ | रामहरि शर्मा | प्रमुख भाषा, विभाग | |
| ५ | नविनभक्त अधिकारी | प्रमुख कला विभाग | |

**निर्णय नं. ४** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम साविक गैंडाकोट नगरपालिकाको स्थानीय सेवामा नियुक्त भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम यसै गैंडाकोट नगरपालिकामा स्थानीय सेवाको पाँचौ तहमा समायोजन भई गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७९ बमोजिम नगर कार्यपालिकाको मिति २०७९।०८।०६ को निर्णयानुसार अधिकृत छैंटौ तहमा तहवृद्वी भएका कर्मचारी श्री शुवास पौडेलको मिति २०७९।११।०५ गते देखि लागू हुने गरी राजिनामा स्वीकृत भएकोले निजलाई निज नियुक्त हुँदाको बखतको सेवा शर्त बमोजिम संचित घर र विरामी विदा (१५४दिन ) र संचित विरामी विदा (८० दिन) गरी जम्मा विदा दिन २३४ बापतको रु ३४०७०४।-, ३.२ महिनाको उपदान बापतको रु १३९८०८।– र ७.७ महिनाको औषधी उपचार खर्च बापत रु. ३३६४०५।- गरी जम्मा रु अवकाश सुविधा रु. ८१६९१७।- मात्र कर्मचारी कल्याण कोष (विविध खर्च खाता) मा रहेको रकमबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय न. ५** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्रमा कार्यरत डाटा प्रविष्टकर्ता र सामाजिक परिचालकको सो सम्बन्धि काम बाँकी रहेकोले उनीहरु र नियुक्तिको क्रममा रहेका नापी प्राविधिकहरु (सर्भेक्षक र अमिन) लाई आगामी २०८० साल असार मसान्त सम्म अवधी थप तथा करार गरी काममा लगाउने निर्णय गरियो।

**निर्णय न. ६** गैंडाकोट नगरपालिका र भरतपूर महानगर पालिकाको सिमामा रहेको नारायणी नदिको विभिन्न खण्डमा उक्त नदिको बहाव क्षेत्रमा नदिजन्य पदार्थ जम्मा भई किनारको वस्तिहरु जोखिममा परेकोले नदिलाई आफ्नो मुलधारबाट पथान्तरण हुनबाट रोकी किनारका वस्तिहरु संरक्षण गर्न यस गैंडाकोट नगरपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०७९।१२।२१ को बैठकबाट भएको सिफारिस समेतका आधारमा नारायणी नदिका देहायको खण्डमा रहेको नदिजन्य पदार्थ हटाउन स्वीकृतिको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो।

क) गैंडाकोट नगरपालिका वडा नं. २ र ५ को सिमाक्षेत्र र भरतपुर महानगरपालिका नारायणी पुल दक्षिण क्षेत्र
ख) गैंडाकोट नगरपालिका वडा नं. ६ बोटे टोल र भरतपुर महानगरपालिका वडा नं. १६ भगेरीथान क्षेत्र

... जाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

... भक्त अधिकारी
नगर प्रमुख

ग) गैंडाकोट नगरपालिका वडा नं. ६ श्रुम्सी र भरतपुर महानगरपालिका वडा नं. १६ काभ्रेघाट क्षेत्र

**निर्णय नं .७** नगर शिक्षा समितिको मिति २०७९।१२।२३ गतेको बैठकको सिफारिस बमोजिम देहाय बमोजिमका विद्यालयहरुलाई देहाय बमोजिम कक्षा थप तथा विषय थप गर्न अनुमति दिने निर्णय गरियो ।

| क्र सं | विद्यालयको नाम | अनुमति दिईएको विषय/कक्षा |
|---|---|---|
| १ | कालिका मा.वि. गैडाकोट ८ | कक्षा ११/१२ विज्ञान र होटल व्यवस्थापन विषय |
| २ | योगि नरहरिनाथ आध्यात्म गिता विज्ञान पाठशाला, गैडाकोट १० | कक्षा ७ |
| ३ | स्मल हट एकेडमी, गैडाकोट ४ | कक्षा ८ |
| ४ | मौलाकाली संस्कृत विद्यापीठ, गैडाकोट १ | कक्षा ८ |

**निर्णय नं. ८** नगर शिक्षा समितिको मिति २०७९।१२।२३ गतेको बैठकको निर्णयानुसार श्री मंगलादेवि आधारभूत विद्यालयमा विद्यार्थी संख्या एकजना पनि नभएको र हाजिरीमा एकजना बालविकास केन्द्रको विद्यार्थी रहेको हुँदा उक्त विद्यालय सञ्चालन गरीरहन उपयुक्त नभएकोले उक्त विद्यालयलाई श्री बीरेन्द्र आधारभूत विद्यालय, गैंडाकोट १८ मा समायोजन गर्ने, उक्त विद्यालयको भौतिक र अन्य सम्पत्ति श्री वीरेन्द्र आधारभूत विद्यालय, गैंडाकोट १८ को प्रत्यक्ष नियन्त्रण र स्वामित्वमा रहने गरी व्यवस्थापन गर्ने र उक्त विद्यालयमा कार्यरत १ बालविकास सहजकर्ता धनमाया दिश्वालाई वीरेन्द्र आधारभूत विद्यालय, गैडाकोट- १८ मा र कार्यालय सहयोगी श्री बमबहादुर रिलामी मगरलाई श्री मङ्गलादेवि आधारभूत विद्यालय, गैंडाकोट ३ मा नयाँ शैक्षिक सत्र २०८० को वैशाख १ गतेबाट लागू हुने गरी कार्य गर्न खटाउने निर्णय गरियो ।

**निर्णय नं. ९** नगर शिक्षा समितिको मिति २०७९।१२।२३ गतेको बैठकको निर्णयबाट भएको सिफारिस बमोजिम संस्थागत विद्यालयको शुल्क निर्धारण सम्बन्धमा, एउटा तहमा एकपटक मात्र भर्ना शुल्क लिन पाउने र संस्थागत विद्यालयको न्यूनतम मापदण्ड शिक्षा समितिबाट निर्धारण गरी कार्यान्वयन गराउने गरी सम्बन्धित विद्यालयबाट पेश भए बमोजिमको शुल्क लिन स्वीकृति दिने निणर्य गरियो ।

**निर्णय नं. १०** नगर शिक्षा समितिको मिति २०७९।१२।२३ गतेको बैठकबाट भएको सिफारिस बमोजिम आगामी शैक्षिक शत्र २०८० मा कक्षा ४, ५ र ७ मा र शैक्षिक शत्र २०८१ मा कक्षा ६ र ८ मा स्थानीय पाठ्यक्रम लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय पोखराको प. सं. २०७९।०८० च. नं. ६१८ मिति २०७९।१२।१९ को प्राप्त पत्रको सम्बन्धमा बैठककमा छलफल भयो । सो सम्बन्धमा स्वास्थ्य निर्देशनालय पोखरा बाट यस नगरपालिकामा कामकाजको लागि खटिएका जनस्वास्थ्य निर्देशक/सर्भिलेन्स अफिसर श्री नारायण सापकोटाको करार अवधि यही २०७९।१२।१५ गते समाप्त भएको र निज नारायण सापकोटाबाट सम्पादन भएको जिल्ला तथा स्थानीय तहहरुमा विभिन्न रोग तथा जनस्वास्थ्य कार्यक्रमहरुको एकीकृत सर्भिलेन्सको कार्य अत्यन्त महत्वपूर्ण रहेको भनी सिफारिस भई आएकोले निज नारायण सापकोटालाई निजले स्वास्थ्य निर्देशनालयसँग गरेको करार सम्झौता बमोजिमको तलब सुविधा पाउने गरी आगामी २०८० साल असार मसान्त सम्म काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को आय ठेक्का नं. ०३।०७७।७८ मा श्री हिरोज कन्स्ट्रक्सनसँग भएको सम्झौता बमोजिम अनुगमन समितिको प्रतिवेदन समेतका आधारमा नपुग हुन गएको

शान्ती कोइराला
नगर उप-प्रमुख

परिमाण १९६९५ घन मिटर उत्खनन गर्न राजस्व दाखिला गरी सम्झौता गर्न आउन पत्राचार गरिएकोमा तोकिएको मिति भित्र सम्झौता गर्न नआएकोले यस आर्थिक वर्षको बाह्रौं नगर कार्यपालिकाको बैठकको निर्णयानुसार आय ठेक्का सम्झौता अन्त्य गरिएकोमा उक्त फर्मको तर्फबाट मिति २०७९।१२।०७ मा व्यवसायिक कारोबारको कारण देखाई उल्लेखित सम्झौता बमोजिमको रकम जम्मा गर्न ७ दिन म्याद थप माग गरेकोमा नगर कार्यपालिकाको निर्णयानुसार अन्त्य भई सकेको आय ठेक्कामा निवेदकको माग बमोजिम पुन: ७ दिनको अवधी दिई राजस्व दाखिला गर्न लगाई पुन: सूचारु गर्न सकिने नसकिने सम्बन्धमा सार्वजनिक खरिद अनुगमनको कार्यालयमा राय माग गरी पठाई उक्त कार्यालयबाट प्राप्त रायको आधारमा आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न. १३** गैंडाकोट नगरपालिका अन्तरगत विभिन्न वडामा विनियोजित देहाय बमोजिमका शिर्षकहरुका योजनाहरु देहाय बमोजिमको योजनाहरुमा शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | कूल विनियोजित रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५ | नगरपालिका मार्ग | रु.१२,००,०००/- | वडाका विभिन्न बाटो ग्राभेल | रु. १२,००,०००/- | वडा समितिको मिति २०७९।१२।२४ को निर्णयानुसार |

**निर्णय न. १४** गैंडाकोट नगरपालिका वडा नं. ३ स्थित कालिगण्डकी करिडोर देखि मार्के जाने बाटो कालिगण्डकी करिडोर पीच हुनु पूर्व ट्र्याक नखोल्ला पछि पीच भए पश्चात खोल्ने क्रममा उक्त राष्ट्रिय राजमार्गमा क्षति पुग्ने सम्भावना देखिएकोलेले सो को लागि लाग्ने लागत अनुमान बमोजिमको १५ लाख रकम मध्ये गणाम्दी खानेपानी आयोजना शिर्षकमा बचत हुने रकमबाट रु. ८ लाख र आन्तरिक श्रोतबाट रु ७ लाख रकमान्तर/विनियोजन गरी उक्त बाटो निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५** गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयको चालु आ .व. २०७९।८० को बार्षिक कार्यक्रम अन्तर्गत यस नगरपलिका क्षेत्र भित्र पर्ने खोला/नदिहरुकोको माटो, बालुवा तथा अन्य नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री वितरण गर्ने कार्यको लागि पेश भएका तपशिल बमोजिमका प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स. | खोलानदिको नाम तथा उत्खनन क्षेत्र | प्रस्तावकको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नारायणी नदी मुलरीटार खण्ड “क” | गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गैंडाकोट | |
| २. | नारायणी नदी विस्नेघाट | ऐऐ. | |
| ३. | नारायणी नदी खलेचौर खण्ड “क” | ऐऐ. | |

**निर्णय न. १६** आर्थिक वर्ष २०७९।८० मा गैंडाकोट नगरपालिकाको लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्री खरिदको लागि भएको बोलपत्र बमोजिम छनौट भएको फर्मले बोलपत्रमा पेश गरेको दररेटमा यस कार्यालय र अन्तरगतका स्वास्थ्य संस्थाको लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्री खरिद गर्ने निर्णय गरियो ।

**निर्णय न. १७** गैंडाकोट नगरपालिका वडा नं. ६, ७ र ९ को नारायणी नदि उकासको जग्गा नापजाँचको लागि नापी कार्यालयबाट पेश भएको प्रस्तावमा उल्लेखित रकम मध्ये नगर कार्यपालिकाबाट यस पूर्व रु. १० लाख

युधिष्ठिर ... ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

सदन भक्त अधिकारी
नगर प्रमुख

विनियोजन भएकोमा नापी कार्यालयबाट हाल पेश भएको वील भरपाईको आधारमा नपुग हुने रकम नगरपालिकाको आन्तरिक श्रोतबाट विनियोजन गरी उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय न. १८** गैंडाकोट नगरपालिकाको खेलकुद विकास ऐन २०७९ को दफा ३ बमोजिमको नगर खेलकुद विकास समितिमा देहाय बमोजिमका उपाध्यक्ष तथा सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो।

क) उपदफा २ खण्ड (ख) बमोजिम उपाध्यक्षमा श्री लक्ष्मण कार्की (गैंडाकोट वडा नं. ५)

ख) उपदफा २ को खण्ड (ङ) बमोजिमको सदस्यहरुमा

१. श्री प्रविन परियार (गैंडाकोट वडा नं. ८)
२. श्री नरेश थापा (गैंडाकोट वडा नं. ८)
३. श्री विवेक न्यौपाने (गैंडाकोट वडा नं. १६)
४. श्री सेतु परियार (गैंडाकोट वडा नं. १७)
५. श्री शारदा शाही ठकुरी (गैंडाकोट वडा नं. ४)

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख